जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०१३ | २०८२ साल भदौ १० गते मंगलवार | Tuesday-26-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## निजगढ नगरपालिकाले कार्यकर्ता पाल्न १०५ शिक्षक नियुक्ति गरी एक करोड भन्दा बढी गर्यो अनियमितता

*शु.आ. सम्बाददाता*
*कलैया , ०९ भाद्र*

बाराको निजगढ नगरपालिकाको नगरप्रमुख सुरथ पुरीले आर्थिक वर्ष २०८०/०८१ मा मात्र कार्यकर्ता पाल्न एक सय पाँच शिक्षक नियुक्ति गरी एक करोड भन्दा बढी अनियमितता गरेको रहस्य बाहिर आएको छ।




निजगढ नगरपालिका अन्तर्गत २७ वटा सामुदायिक बिधालयहरु सँचालनमा रहेको छ । उक्त बिधालयहरुमा शिक्षक दरबन्दी बालविकास र राहत बाहेक दुई सय पाँच वटा रहेको छ। दुई सय पाँच जना नै शिक्षकहरु कार्यरतको सामुदायिक बिधालयमा पालिकाले पेश गरेको क्ष्भःक्ष्क अभिलेख अनुसार कूल विद्यार्थी संख्या १० हजार पाँच सय ९४ रहेका छन् । यसरी शिक्षक विद्यार्थी अनुपात १:३० देखिएको महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको महालेखा प्रतिबेदनमा उल्लेख छ।

विधालयमा शिक्षक दरबन्दी निर्धारण गर्दा १ शिक्षक बराबर ४५ जना बिधार्थी हुने गरी नगरपालिकाले दरबन्दी मिलान गर्नुपर्नेमा नगरशिक्षा समितिको सँयोजक समेत रहेका नगरप्रमुख पुरीले दरबन्दी मिलान नगरी कार्यकर्ता पाल्न उक्त शिक्षक नियुक्ति गरेका छन्।

निजगढ नगरपालिका अन्तर्गतको नेरामावि सिगैला १:३०, गैरिशंकर मावि सडक टोलमा १:३०, नेत्रोदय माविमा १:१८, सार्वजनिक मावि बागदेवा १: २२, नेरा आवि माथिल्लो सिमलचौर १:१० र अन्य विधालयमा समेत शिक्षक विधार्थी अनुपात मिलेको देखिको छैन । नगरपालिकामा दरबन्दीका शिक्षकको अनुपात नै १:५० रहेको अवस्थामा थप निजी शिक्षक राख्ने आधार देखिने प्रतिबेदनमा उल्लेख गरीएको छ।

यसरी दरबन्दी शिक्षक र बिधार्थीको अनुपात नमिले पनि नगरप्रमुख पुरीले उक्त शिक्षकहरु नियुक्त गरी आर्थिक वर्ष २०८०/०८१ मा मात्र रु एक करोड १९ लाख ३० हजार अनियमितता भएको प्रतिबेदनमा उल्लेख छ।

यसरी जनताको राजश्वबाट सँचालन हुने स्थानिय सरकारको प्रमुखमा निर्वाचित भएपछि जनताको बिकास गर्नुको साटो कार्यकर्ताको बिकास भएकोले देखिएकोले सम्बन्धित निकाय सहित स्थानियहरुको ध्यानाकर्षण हुन आवश्यक देखिएको छ।

## परवानीपुरको बहुअरी सडक विवाद : गाउँपालिकाद्वारा गैरजिम्मेवार कार्य तत्काल रोक्न प्रेस विज्ञप्ति जारी

*शु.आ. सम्बाददाता*
*कलैया , ०९ भाद्र*

बाराको परवानीपुर गाउँपालिकाको वडा नं. ५, बहुअरीको मूल बाटो निर्माणमा भइरहेको अवरोध र यस विषयमा फैलाइएका भ्रामक सूचनाप्रति गाउँपालिकाले गम्भीर ध्यानाकर्षण भएको जानकारी दिएको छ।



गाउँपालिकाले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै बाटो निर्माणमा भइरहेका अवरोध र भ्रमपूर्ण प्रचारबाजीको निन्दा गरेको छ।

साथै उक्त विज्ञप्ति मार्फत गाउँपालिकाले विगत तीन वर्षदेखि बहुअरीको बाटो निर्माणका लागि बजेट विनियोजन गर्दै आए पनि केही व्यक्तिहरूको राजनीतिक स्वार्थका कारण काम अघि बढ्न नसकेको जनाएको छ।

सर्वदलीय बाटो निर्माण संघर्ष समिति" नाम दिएर केही व्यक्तिहरूले कानुनसम्मत तरिकाले सुरु भएको निर्माण कार्यमा अवरोध पुर्याएका उल्लेख गर्दै यो विवादको शृङ्खला २०८० सालमा सुरु भएको थियो, जब वडा नं. ५ को बैठकले २५ फिट चौडा बाटो बनाउने निर्णय गरेको थियो । तर, केही महिनापछि २१ फिटको बाटो बनाउन माग गर्दै स्थानीयले न्यायिक समितिमा निवेदन दिए । न्यायिक समितिले २३ फिटको बाटो निर्माण गर्ने निर्णय गर्यो, तर काम फेरि रोकियो।

यसपछि, स्थानीय, राजनीतिक दलका अगुवा र वडा समितिका प्रतिनिधिहरूको संयुक्त हस्ताक्षरमा यथास्थितिमै नाप-नक्सा गरी बाटो बनाउनका लागि पुनः निवेदन दिइयो । यसै निवेदनका आधारमा गाउँपालिकाको न्यायिक समिति र कार्यपालिकाको बैठकले वडा समितिको सुझावअनुसार बाटो निर्माण गर्ने निर्णय गर्यो। अन्ततः, २०८२ असार १४ गते गाउँसभाको १६औं अधिवेशनले पनि सोही निर्णयलाई सर्वसम्मत रूपमा अनुमोदन गर्यो।

गाउँपालिकाले २५ फिटको बाटो बनाउँदा १०० भन्दा बढी घर र पर्खाल भत्काउनुपर्ने, २३ फिटको बाटो बनाउँदा ९७ र २१ फिटको बाटो बनाउँदा ८८ घर भत्काउनुपर्ने अवस्था रहेकोले सबैको सहमति जुट्न नसकेको बताएको छ। यही कारण, हालको अन्तिम निर्णय अनुसार १९ देखि २१ फिट चौडाइको सडक निर्माण गर्ने योजना अघि बढाइएको हो।

गाउँपालिकाका प्रवक्ता महम्मद नुरुल होदा अन्सारीले राजनीतिक र व्यक्तिगत स्वार्थका लागि सडक निर्माणमा अवरोध पुर्याइएको आरोप लगाए। उनले विज्ञप्तिमा गैरजिम्मेवार र भ्रामक प्रचार तत्काल रोकेर सार्वजनिक हितका लागि पालिकामा छलफलका लागि आउन सबैलाई आग्रह गरेका छन् । उनले कानुनसम्मत तरिकाले सडक निर्माणको कामलाई अगाडि बढाइने स्पष्ट पारेका छन्।

## कटहरिया बिवाह मंडपमा तीज विशेष तथा सम्मान कार्यक्रम

*रुपेश यादव*
*रौतहट , ९ भाद्र*

तीज पर्वको अवसर पारेर कटहरिया नगरपालिकाको आयोजनामा रौतहटको कटहरिया नगरपालिका वडा नं - ५ विवाह मण्डप भवनमा महिलाहरूको महान् पर्व हरितालिका तिजको उपलक्ष्यमा दर खाने कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ।



कार्यक्रमको प्रमुख अतिथि नगर प्रमुख अजय प्रकाश जैसवाल गरेको र अध्यक्षता नगर उपप्रमुख रिता देवी यादवले गरेको थियो । दुबै जनाले पानसमा बत्ती बालेर औपचारिक रूपमा शुभारम्भ गर्नुभयो । महिलाहरुले दर खाई गीत-संगीत र नृत्यसहित तीजको उल्लासपूर्वक सुरुआत गरेका थिए।

कार्यक्रमको प्रारम्भमा तीज पर्वको महत्व झल्काउने गीत(संगीतसहित वातावरण झन् उत्सवमय बनेको थियो। सहभागी महिलाहरुलाई गम्छा, टीका र माला ओढाएर सम्मान गरिएको थियो । साथै तीज पर्वको परम्परा अनुसार दर खुवाइएका विभिन्न परिकारका मिठा(मिठा खानेकुराले कार्यक्रमस्थल आनंदमय बनेको थियो।कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख जैसवालले तीज पर्वलाई महिला अधिकार, समानता र आत्मसम्मानसँग जोडिएको ऐतिहासिक पर्वको रुपमा व्याख्या गर्नुभयो । उहाँले भन्नुभयो, "तीज केवल नाच(गान र रमाइलोको पर्व मात्र होइन, यो महिलाहरुको पीडा, संघर्ष र अधिकारका आवाज उठाउने पर्व हो ।

नेपाली नारीहरुले मनाउने हरितालिका अर्थात् तीजको पहिलो दिन आज दर खाइन्छ ।

माइतीले चेलबेटीलाई बोलाई दर खुवाउने परम्परा रहीआएको छ । आजभोलि महिनौं अघि देखि नै दर खाने र रमाइलो गर्ने चलन बढ्दो छ तर तीज भन्दा एक दिन अगाडि चाहिँ परम्परागत दर खाने चलन रहिआएको मान्यता छ । दरका रुपमा विशेषगरी दुधबाट बनेका शुद्ध परिकार खाइन्छ । जसले व्रतका दिन अडिलो बनाउँछ भन्ने मान्यता राखिन्छ । तीजको व्रत सक्नेले निराहार बस्ने भएकाले आज राती व्रत बस्नेहरुले शक्ति प्राप्तिका लागि मीठा मीठा एवं अडिलो परिकार दरका रुपमा खाई भोली पख व्रतका लागि पूर्वतयारी गदर्छन् । नगर प्रमुख जैसवालले भने हुन त यो पर्व महिलाहरुले वर्षदिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तीजलाई मनाउने गरिएको छ । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाहरुले सार्वजनिक गर्दछन् ।

बाँकी तेश्रो पृष्ठमा

## कुशल प्रमुख प्रशासकिय अधिकृत ओझा फेटा गाउँपालिकामा हाजिर , पारदर्शिता आउनेमा विश्वस्त

*शु.आ. सम्बाददाता*
*कलैया , ०९ भाद्र*

बाराको फेटा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कुशल प्रशासकिय राकेश ओझा सोमबार पद बहाली गरेका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विश्रामपुर गाउँपालिकाबाट फेटा गाउँपालिकाको उनको साउन १६ गते सरुवा गरेको थियो। ओझाको सरुवा भएपनि मन्त्रालयले पत्र भाद्र २ गते नपठाउँदा सोमबार हाजिर भई पद बहाली भएका छन्। ओझालाई फेटा गाउँपालिकाको अध्यक्ष रुस्तम अँसारी सहित उपाअध्यक्ष निलम साह सहित वडा अध्यक्षहरु कर्मचारीहरु फुलमाला सहित गम्छा लगाई स्वागत गरेका छन्। स्वागत कार्यक्रममा गाउँपालिका अध्यक्ष अँसारी सहित वडा अध्यक्षहरु ओझाको प्रशासनिक अनुभव, नेतृत्व क्षमता र दक्षताले फेटा गाउँपालिकाको सेवा प्रवाह थप प्रभावकारी हुने विश्वास व्यक्त गरेका छन्। भने प्रमुख प्रशासकीय अधिकृत ओझाले आफूलाई दिइएको जिम्मेवारी ईमानदारीपूर्वक पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै स्थानीय विकास र जनहितका कार्यलाई प्राथमिकतामा राख्ने बताएका छन्।



ओझा बिभिन्न स्थानिय तहमा प्रमुख प्रशासकीय अधिकृत रहि कामकाज गरी सकेका र उनले पालिकालाई पारदर्शी रुपमा अगाडि बढाउने कार्यले गर्दा स्थानीय हर्षित भएका छन् । स्थानीयहरुको अनुसार अनुभवी र पारदर्शी रुपमा पालिका सँचालन गर्ने कुशल प्रशासकिय फेटा गाउँपालिकामा हाजिर भएकोले जनताको बिकास सहित सिँगो पालिकाको नै बिकास हुने विश्वास लिएको बताएका छन्। साथै ओझा फेटा गाउँपालिकामा पनि पारदर्शिता ल्याउने विश्वास बढेको स्थानीयहरु यस दैनिकलाई बताएका छन् ।

## रौतहटमा ठूलो परिमाणमा अवैध सुर्ती बरामद

*रौतहट, ०९ भाद्र*

रौतहटको ईशनाथ नगरपालिका ४ मठिया गाउँ नजिकै सशस्त्र प्रहरीले ठूलो परिमाणमा अवैध सुर्ती बरामद गरेको छ।

विशेष सूचनाका आधारमा आइतबार राति करिब १२ बजे सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हे.क्वा रौतहटका प्रमुख एसपी सन्तोष कुमार बस्नेतको नेतृत्वमा औरैयास्थित बीओपीका ईन्चार्ज इन्स्पेक्टर खेमराज जोशीसहितको टोलीले खोजतलासी सञ्चालन गरेको थियो।

खोजतलासीका क्रममा चुमन मियाको धानखेतमा लुकाइराखिएको ३० बोरा (करिब सात सय ४५ किलो) सुर्ती तथा सुर्तिजन्य पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

बरामद गरिएको सुर्तीको मूल्य करिब तिन लाख ६२ हजार सात सय ५० रुपैयाँ बराबर अनुमान गरिएको छ। सशस्त्र प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गरी बरामद सामग्री गौर भन्सार कार्यालयमा बुझाएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## जेई भाइरस नियन्त्रणमा चुनौती

देशका विभिन्न क्षेत्रमा डेंगु, स्क्रब टाइफससँगै जापानिज इन्सेफ्लाइटिस (जेई) भाइरसको सङ्क्रमण बढेको छ। दुई सातामा चितवनमा मात्रै १३ जनामा जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमण देखिएकोमा दुई महिलासहित चार जनाले ज्यान गुमाइसकेका छन् । जनस्वास्थ्य कार्यालय चितवनका अनुसार भरतपुर महानगरपालिकाका दुई, कालिका र खैरहनी नगरपालिकाका एक-एक जनाको मृत्यु भैसकेको छ । हाल जेई भाइरसको सङ्क्रमण २४ जिल्लामा फैलिसकेको छ भने ६३ जनामा सङ्क्रमण पुष्टि भएकोमा १२ जनाको मृत्यु भएको छ। जेई सन् २००५ मा प्रकोपको रुपमा फैलिएको थियो । त्यसबेला दुई हजार जनाले ज्यान गुमाएका थिए । जेईबाट हुने सङ्क्रमण र मृत्युको संख्या चिन्ताजनकरुपमा बढिरहँदा नियन्त्रणमा भने चुनौती देखिएको छ । देशभरका सातै प्रदेशमा यो घातक रोगको प्रकोप देखिएको छ । स्वास्थ्यसेवा विभागको परिवार कल्याण महाशाखाले जेई सङ्क्रमणको वास्तविक संख्या अझै धेरै हुन सक्ने जनाएको छ । जेईको नमुना परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु नै पठाउनुपर्ने अवस्थाले गर्दा पनि रिपोर्ट नआउँदै बिरामीको मृत्यु हुने गरेको पाइएको छ ।

जेईको सङ्क्रमणका कारण मृत्यु हुनेमा ८ देखि ८५ वर्ष उमेर समूहका छन् । जसले गर्दा सबै उमेर समूहका व्यक्तिहरुमा जोखिम रहेको छ भने १५ वर्षमुनिका बालबालिका सबैभन्दा बढी प्रभावित हुने गरेको स्वास्थ्यसेवा विभागले जनाएको छ । मृत्यु हुने व्यक्तिमा जेईसँगै निमोनियालगायतका अन्य सङ्क्रमणसमेत देखिएको अवस्थामा बालबालिका, वृद्धवृद्धा र शरीरको प्रतिरोधी क्षमता कमजोर हुने व्यक्ति अझै सचेत हुनुपर्ने देखिएको छ। यस रोगबाट सबैभन्दा बढी जोखिममा बालबालिका रहेकाले यसैलाई मध्यनजर गरी सरकारले सन् २०१५ देखि जेईविरुद्ध खोप अभियान सञ्चालन गरेको थियो । सरकारले शिशु जन्मेको १२ महिनामा नियमितरुपमा जेईविरुद्ध खोप दिँदै आएको छ। तर, स्वास्थ्यसेवा विभागको तथ्याङ्कअनुसार यो वर्ष मृत्यु हुनेमा १५ वर्षभन्दा माथिका उमेर समूह बढी छन् । जसले खोप नलगाएका वयस्क उच्च जोखिममा रहेको सङ्केत गर्छ। क्युलेक्स जातका लामखुट्टेले जेई सङ्क्रमित सुँगुर-बङ्गुर र हाँसजस्ता चराचुरुङ्गीलाई टोकेपछि मान्छेलाई टोकेमा यो भाइरस सर्न सक्छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार यो भाइरसले गम्भीर सङ्क्रमित भएका बिरामीमध्ये ३३ प्रतिशतको ज्यान लिन्छ । बाँचेकामध्ये पनि आधा मानिसलाई आजीवन गम्भीर अपाङ्गता निम्त्याउने भएकाले लामखुट्टेको टोकाइबाट जोगिनु नै एकमात्र विकल्प हो ।

जेईको सङ्क्रमण जुन अनुपातमा बढिरहेको छ, नियन्त्रणको प्रयास भने प्रभावहीनजस्तै देखिएको छ । डेंगु, स्क्रब टाइफस र जेई भाइरस नियन्त्रण हुनुको साटो फैलिने क्रम तीव्र छ। विशेषगरी, एडिस एजिप्टाई र एडिस एल्बोपिक्टस जातको पोथी लामखुट्टेले टोकेमा डेंगु रोग लाग्छ भने क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट जेई सङ्क्रमण हुने गर्छ। यस्तै, स्क्रब टाइफस ओरेन्सिया सुसुगमुसी नामक परजीवीको सङ्क्रमणले लाग्ने रोग हो । यो परजीवीलाई एक प्रकारको माइट (किर्ना वा जुम्राजस्तो सूक्ष्म किरा)ले सार्ने गर्दछ। डेंगु र स्क्रब टाइफसको अहिलेसम्म कुनै खोप वा औषधि पत्ता लागेको छैन । कीटजन्य रोगहरुको नियन्त्रणका लागि सरसफाइ र सचेतना नै प्रमुख कुरा हो। जापानिज इन्सेफ्लाइटिसको प्रकोप बढ्न नदिन र यसको नियन्त्रणका लागि लामखुट्टे रहन सक्ने सम्भावित क्षेत्रहरुमा बासस्थान खोजेर मार्नु र त्यसका अन्डा, लार्भा र प्युपा नष्ट गर्नुपर्छ । सरकारका विभिन्न निकायमार्फत यस रोगबारे व्यापक प्रचार गरी जेई खोप लगाउन छुटेका बालबालिकाको पहिचान गरी खोप लगाउन उत्तिकै जरूरी देखिन्छ ।

# मौलिकता गुमाउँदै मौलिक तिज



**भवानी खड्का**

नेपालको सामाजिक,सांस्कृतिक जीवनमा तिज महत्वपूर्ण पर्वका रूपमा स्थापित छ । हरेक चाडपर्वले छुट्टाछुट्टै विशेषता बोकेर आएका हुन्छन् । चाडपर्वहरू मानव पुर्खाले आविष्कार गरेका अमूल्य उपहार हुन् । तिज नेपाली जनजीवनमा विशिष्ट मौलिकता बोकेको महत्वपूर्ण चाड हो ।

तिज कहिलेदेखि मान्न थालिएको हो भन्ने कुनै तथ्य प्रमाण नभए पनि यससँग धार्मिक, पौराणिक प्रसंग जोडिएका छन् । महिलाको चाड भनेर चिनिने तिजको रौनक अहिले झन् बढ्दै गएको छ । सहरदेखि गाउँसम्म, सडकदेखि सामाजिक सञ्जालसम्म तिज धुमधाम छाउने गर्छ । विशेषगरी साउन लागेपछि बजारमा राताम्य कपडाको चहलपहल, पूजा सामग्रीको खरिद, गीत-संगीतको माहोल र महिलाहरूमा देखापर्ने उमंगले तिज आगमनको संकेत गर्छ । तिज हिन्दु नारीको महान् चाड हो । हिन्दु नारीहरूले यस चाडलाई महत्वपूर्ण पर्वको रूपमा मान्ने गर्छन् । घरको कामले हैरान परेका, माइत जान नपाएका चेलीहरू तिजको निहुँले भए पनि माइत जाने र आफ्ना पुराना साथीसँग भेटघाट गर्ने, दर खाने र अर्को दिन भगवान् शिवको आराधना गर्नुका साथै आफूमा भएका वेदना मेटाउने खालका गीत गाउने, नाचगान मनोरञ्जन गरेर भव्य तरिकाले तिज मनाउने परम्परा पुरानै हो ।

हरितालिका तिजको कथा भगवती पार्वतीसँग जोडिएको छ । तिजमा भगवान् शिवको आराधना गर्नुका साथै नाचगान मनोरञ्जनसमेत गर्ने गरिन्छ । नेपाली हिन्दु महिलाद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तिज अन्य धर्म र जातजातिका नेपाली महिलाले पनि मनाउँछन् । हाम्रो वैदिक दर्शनले स्त्रीलाई प्रकृति मानेको छ । यसर्थ तिजको सम्बन्ध प्रकृतिसँग छ । एक प्रकारले प्रकृतिको सम्मान, महत्व र सामीप्यलाई यो चाडले आत्मसात् गरेको छ ।

प्रकृति आत्मा र परमात्माको संयुक्त स्वरूपलाई नै दर्शनले ब्रह्मा मानेका छन् ।

आधुनिक समाजमा तिजको महत्वलाई जुन रूपले व्याख्या गरिए पनि यो एक पौराणिक कालदेखि चलिआएको परम्परा हो । सामाजिक सद्भाव, मेलमिलाप एवं समाजका विकृति, विसंगति र सामाजिक अधिकारलाई उजागर गर्ने पर्वको रूपमा हजारौं हजार वर्षदेखि यो चाड मनाइँदै आएको छ । चेलीबेटीले गीतमार्फत आफ्ना बहहरू पोख्ने पर्व पनि हो तिज । भदौरे झरीमा खोला र खहरेमा उर्लेको भेललाई छिचोल्दै तिजकै लागि छोरीचेली र दिदीबहिनी लिन जाने परम्परागत चलन थियो । माइती आएर छोरीचेली माइतीको आँगनमा तिजका गीतमा छमछमी नाच्ने । दरखाने दिन घिउमा पकाएको परिकार बनाएर दरका रूपमा खाने । तिजका गीतहरूमार्फत नै पीडा, दुःख-दर्द, समाजका विसंगति र महिला अधिकारका आवाज समेटिन्थे ।

तर अहिले बिस्तारै चलन परिवर्तन हुँदै गएको छ ।

तिज दरका लागि माइतीहरू छोरीचेली लिन जाने चलन हराउँदै गएको छ । हातहातमा मोबाइल र इन्टरनेटको पहुँच तथा यातायातको सुविधाले छोरीचेली र दिदीबहिनीलाई लिन अब घरमै जान नपर्ने अवस्था आएको छ ।

समाज बिस्तारै आधुनिकतातिर ढल्किदै छ । हिजोआज घिउमा पकाएको दरभन्दा माछा, मासुलगायत विभिन्न परिकार बनाएर दर खाने प्रचलन बढ्न थालेको छ । राति अबेरसम्म दर खाने र भोलिपल्ट तिजको निराहार व्रत बस्ने चलन अहिले भने हराउँदै गएको छ । अहिले त एक महिनाअघिदेखि होटेल तथा पार्टी प्यालेसमा दर खाइन्छ, भड्किला गीत बजाउँदै नाच्ने गरिन्छ । यसो गर्दा तिजको सांस्कृतिक र आध्यात्मिक पक्ष नासिँदै गएको छ भने सामाजिक सद्भाव पनि बिग्रँदै गएको छ ।

तिजमा मनका भावना एवं सुखदुःख साटासाट गरी एउटै ठाउँमा खाने-बस्ने रमाइलो गर्ने नाच्ने गाउने चलन पुरानो नै हो । चेलीबेटीले गीतमार्फत आफ्ना बहहरू पोख्ने गर्थे । पहिलेका तिजका गीतमा दुःख वेदनाका भाव झल्कन्थे । माइतबाट कोही लिन नआएको, घाँस, दाउरा बोकेर बसेको, माइती लिन आउलान् भन्दा भन्दै तिज गएको जस्ता कुराहरू मिसाएर गीतका शैली हालेर गाउने गर्थे । त्यो बेलाका गीतहरू धुरुधुरु रुने, रुवाउने शैलीमा गाइएका हुन्थे । अहिले आएर गीतलाई नयाँ ढंगबाट तिजका गीतहरू बजारमा ल्याइएको छ । तिज भन्नेबित्तिक्कै रातो सारी लगाएर छमछम माइतीको आँगनीमा नाच्ने भन्ने परम्परा बिस्तारै हराउँदै गएको देख्न सकिन्छ । अहिले तिज गीतहरू बढी 'मनोरञ्जनात्मक स्वरूपमा मात्र केन्द्रित छन् । गीतमा भड्किला भिडियो र अश्लीलतासम्म मिसिएको पाइन्छ । मौलिक धुन, भाका र सामाजिक सन्देश हराउँदै गएका छन् ।

तिज हिन्दु नारीले मनाउँदै आएको प्राचीन तथा महत्वपूर्ण चाड उच्छृंखलता र अश्लीलता भरिएका शब्द तथा भिडियो सार्वजनिक गर्दै डिजिटल प्लाटफर्ममा भ्युज बटुल्ने होडबाजीले मौलिक गीतहरू लोप भइसकेका छन् ।

# सुशासनमा ई-गभर्नेन्स



**विशाल महत**

इ-गभर्नेन्स (विद्युतीय शासन)को अवधारणा अनुसार नेपाल सरकारले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र भरपर्दो बनाउने साथै सुशासन कायम गर्ने उद्देश्यले सूचना प्रविधिको विकास, विस्तार र प्रभावकारी प्रयोगमा विशेष प्राथमिकता दिएको छ ।

एकात्मक शासन व्यवस्थाबाट संघीय शासन प्रणालीमा प्रवेश गरेपछि बनेका स्थानीय तहमार्फत सिंहदरबारको शासन व्यवस्था जनताको घरदैलोमा पुगेको छ । यस शासन व्यवस्थालाई प्रविधिमैत्री बनाउँदै सेवा प्रवाहलाई प्रभावकारी ढंगले छिटो, छरितो र भरपर्दो रूपमा जनतामा पुऱ्याउने तथा सुशासन कायम गर्ने उद्देश्यका साथ नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागहरूले आवश्यक प्रणालीहरू निर्माण गरी स्थानीय तहमा हस्तान्तरण गरेका छन् ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले निर्माण गरेको पञ्जीकरण तथा सामाजिक सुरक्षा भत्तासम्बन्धी प्रणाली स्थानीय तहलाई प्रदान गरिएको छ, जसबाट व्यक्तिगत घटना दर्ता पूर्णरूपमा अनलाइन हुनाका साथै सामाजिक सुरक्षा भत्ता व्यवस्थापन व्यवस्थित भएको छ । महालेखा नियन्त्रकको कार्यालयले निर्माण गरी स्थानीय तहलाई उपलब्ध गराइएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली र राजस्व व्यवस्थापन प्रणालीले स्थानीय तहको लेखा प्रणाली तथा राजस्वजस्ता महत्त्वपूर्ण आर्थिक कारोबारसँग सम्बन्धित कार्यलाई वैज्ञानिक, व्यवस्थित, सहज र पारदर्शी बनाएको छ । त्यसैगरी, महालेखा नियन्त्रकको कार्यालयले नै निर्माण गरेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीले स्थानीय तहको जिन्सी व्यवस्थापनलाई वैज्ञानिक र व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ । यसले स्थानीय तहबाट प्रदान हुने सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । संघ सरकारले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, प्रभावकारी र विश्वसनीय बनाउन तथा सुशासन कायम गर्न विभिन्न सूचना प्रविधि (आईटी) प्रणाली विकास गरी स्थानीय तहलाई उपलब्ध गराएको छ । तर ती प्रणालीहरूको सञ्चालनमा देखिएका प्राविधिक समस्याका कारण सेवा प्रवाहमा गम्भीर कठिनाइ उत्पन्न भएको छ र सेवाग्राहीको विश्वासमा गिरावट आएको छ ।

प्रणालीमा देखिएका समस्याहरू

क. सामाजिक सुरक्षा भत्ता प्रणालीमा समस्या : आर्थिक वर्ष २०८२/०८३ मा सरकारले ज्येष्ठ नागरिक तथा अन्य सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको विवरण बायोमेट्रिकसहित अध्यावधिक गर्ने व्यवस्था गरेको छ, जसअनुसार सबै लाभग्राहीको विवरण भदौ महिनाभित्र अनिवार्य रूपमा नवीकरण गर्नुपर्नेछ । यस व्यवस्थाको मुख्य उद्देश्य लाभग्राहीको वास्तविक पहिचान सुनिश्चित गर्नु, भत्ता वितरणमा हुने दोहोरो दाबी रोक्नु र वितरण प्रक्रिया पारदर्शी बनाउनु हो ।

तर, नवीकरणका लागि प्रयोग भइरहेको प्रणाली र केन्द्रीय सर्भर स्थिर रूपमा सञ्चालन नहुँदा गम्भीर समस्या उत्पन्न भएको छ । प्रणाली प्रायः कहिले चल्ने, कहिले नचल्ने अवस्थामा रहन्छ र चल्दा पनि अत्यन्त सुस्त गतिमा मात्र कार्य गर्दछ । आर्थिक वर्ष २०८१-८२ को तथ्यांकअनुसार, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलद्वारा एक दैनिकमा प्रकाशित रिपोर्टअनुसार, नेपालभर सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राहीको संख्या ३ लाख ६ हजार ६ सय ३४ जना रहेको छ । यदि यस संख्यालाई देशभरका ७ सय ५३ स्थानीय तहमा समानुपातिक रूपमा विभाजन गर्ने हो भने, औसत रूपमा प्रत्येक स्थानीय तहमा करिब ५ हजार ५५ जना लाभग्राही पर्न जान्छन् । यस आधारमा, प्रत्येक स्थानीय तहमा दैनिक रूपमा सयौं लाभग्राहीको विवरण अध्यावधिक गर्ने आवश्यकता पर्छ ।

तर, हाल देखिएको प्राविधिक समस्याका कारण वास्तविक कार्यक्षमता अत्यन्तै न्यून रहिरहेको छ । कतिपय अवस्थामा, कार्यालयले एकै दिनमा १५-२० जना मात्रको विवरण अध्यावधिक गर्न पनि नसक्ने अवस्था आएको छ । यसले गर्दा नवीकरण प्रक्रिया समयमै सम्पन्न हुन सकेको छैन । कार्यालय समयमा लाभग्राहीहरूले लामो समय पर्खिए पनि प्रणालीको अस्थिरताका कारण काम सम्पन्न हुन नहुँदा विशेषगरी वृद्धवृद्धाहरू, जसको शारीरिक क्षमता सीमित हुन्छ, लामो समय कुर्नु र फेरि अर्को दिन पुनः आउनुपर्ने बाध्यता हुन्छ । यसले उनीहरूमा शारीरिक थकान, स्वास्थ्यमा जोखिम र मानसिक तनाव उत्पन्न गराइरहेको छ ।

ख. राजस्व संकलन प्रणालीमा समस्या : स्थानीय तहहरूले घर/व्यवसाय बहाल कर, व्यवसाय दर्ता नवीकरण शुल्क, सम्पत्ति कर, सवारी करलगायतका विभिन्न राजस्वहरू संकलन गर्नका लागि पनि केन्द्रीय आईटी प्रणाली प्रयोग गर्दै आएका छन् । सिद्धान्ततः यस प्रणालीको प्रयोगले राजस्व संकलन प्रक्रियालाई छिटो, पारदर्शी र दिगो बनाउनुपर्ने हो । तर व्यवहारमा आव २०८२/८३ को सुरुवातबाटै यो प्रणालीको सञ्चालनमा देखिएको अनियमितता र प्राविधिक कमजोरीका कारण दैनिक सेवा प्रवाहमा गम्भीर अवरोध देखा परेको छ ।

प्रणाली प्रायः कहिले चल्ने, कहिले नचल्ने अवस्थामा रहन्छ । सर्भरमा लोड बढी हुँदा वा नेटवर्क जडानमा समस्या आउँदा प्रणाली लामो समयसम्म बन्द हुने वा अत्यन्त सुस्त गतिमा चल्ने समस्या देखिन्छ । यसले कार्यालय समयमा कर तिर्न आउने सेवाग्राहीहरू लामो समयसम्म पर्खिन बाध्य हुन्छन् । सेवाग्राहीले आफ्नो कार्य समय खर्चेर कार्यालयमा उपस्थित हुँदा प्रणाली नचलेको कारण काम सम्पन्न गर्न नसकी फेरि अर्को दिन आउनुपर्ने अवस्था हुन्छ जसले व्यवसायी र घरधनीहरूका लागि यो अतिरिक्त आर्थिक र समयको भार बन्छ । कतिपय अवस्थामा सेवाग्राहीले कर तिर्न ढिलो गर्दा जरिवाना तिर्नुपर्ने बाध्यता पनि परेको छ, जसले असन्तुष्टि पैदा गरेको पाइन्छ ।

समग्र प्रभाव

माथि उल्लिखित सामाजिक सुरक्षा भत्ता प्रणाली र राजस्व संकलन प्रणालीमा देखिएका प्राविधिक कमजोरीका कारण स्थानीय तह र नेपाल सरकार दुवैमा बहुआयामिक असर पर्न गएको छ । सेवाप्रवाह सुस्त भई कार्यसम्पादन सूचकांकमा गिरावट आएको छ भने कार्यालयमा भिडभाड र व्यवस्थापनमा कठिनाइ बढेको छ । कार्यतालिका अव्यवस्थित भई अन्य नियमित काममा समेत ढिलाइ भएको छ । आर्थिक रूपमा, राजस्व संकलनमा ढिलाइ भई नगदी प्रवाह कमजोर बनेको छ र प्राविधिक समस्या समाधानका लागि अतिरिक्त खर्चको आवश्यकता परेको छ ।

सेवाग्राहीले ढिलो भुक्तानी गर्दा जरिबाना तिर्नुपर्ने अवस्था आए पनि यसले उनीहरूमा असन्तोष बढाएर दीर्घकालीन राजस्व भुक्तानीमा कमी ल्याउने सम्भावना देखिएको छ । सामाजिक दृष्टिले, नागरिकको सरकारप्रतिको विश्वासमा कमी

बाँकी तेश्रो पृष्ठमा

॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# युरोपमा मानव पुर्खा लुसीको प्रदर्शन

***प्राग-*** मानव पुर्खा लुसीका ३१ लाख ८० हजार वर्ष पुराना हड्डीका टुक्राहरू सोमबारदेखि प्रागको चेक राष्ट्रिय सङ्ग्रहालयमा पहिलोपटक युरोपमा प्रदर्शनीमा राखिने भएका छन् ।
यी हड्डीका टुक्राहरू विरलै इथियोपियाबाहिर लैजाने गरिन्छन् ।
अस्ट्रेलोपिथेकस अफारेन्सिस प्रजातिका यी प्राचीन अवशेषहरू सन् १९७४ मा इथियोपियामा फेला परेका थिए । त्यो खोज त्यतिबेला अहिलेसम्मकै सबैभन्दा पूर्ण जीवाश्म थियो र यसले मानव पुर्खासम्बन्धी बुझाइमा क्रान्ति ल्याएको छ ।
लुसीका अवशेषसँगै सेलाम नाम दिइएको अर्को जीवाश्म पनि प्रस्तुत गरिनेछ । सेलाम लुसीभन्दा झण्डै एक लाख वर्ष पहिले बाँचेको दुई वर्ष सात महिनाको बच्चा अस्ट्रेलोपिथेकस हो । यसको जीवाश्म लुसी फेला परेको २५ वर्षपछि सोही क्षेत्रमा पाइएको हो ।
लुसी पत्ता लगाउने डोनाल्ड जोहानसन र सेलाम पत्ता लगाउने जेरिसेने अलेम्सेगेड दुवै प्रागमा हुने उद्घाटन कार्यक्रममा सहभागी हुनेछन् ।
“सेलामलाई अहिलेसम्म कहिल्यै इथियोपियाबाहिर प्रदर्शन गरिएको छैन र लुसीलाई केवल एक पटक मात्र संयुक्त राज्य अमेरिकामा देखाइएको थियो”, राष्ट्रिय सङ्ग्रहालयका निर्देशक माइकल लुकेसले भने ।
अगस्ट १५ मा अवशेषहरू प्राग आइपुगेपछि उनले यसलाई ‘विश्वकै सबैभन्दा बहुमूल्य र प्राचीन पुरातात्त्विक प्रदर्शनीमध्ये एक’ भनेर वर्णन गरे ।
आदीस अबाबामा रहेको इथियोपियाको राष्ट्रिय सङ्ग्रहालयले उधारो दिएको ५२ टुक्रा अवशेषहरू ‘मानव उत्पत्ति र जीवाश्म’ प्रदर्शनीअन्तर्गत ६० दिनका लागि प्रदर्शनीमा राखिनेछन् ।
इथियोपियाली हेरिटेज अथोरिटीका निर्देशक अबेबाव अयाल्यु गेल्लाले यो प्रदर्शनीले ‘इथियोपियालाई मानव मूलको भूमिका रूपमा प्रवर्द्धन गर्ने’ बताए ।
उनले भने, “लुसीले मानव पुर्खाको अध्ययनमा क्रान्ति ल्यायो–पहिलो त यसको पूर्णताका कारण र दोस्रो यसको उमेरका कारण । सेलाम आफ्नो युगकै लागि अद्वितीय जीवाश्म हो... यो दुई वर्ष सात महिनाको उमेरमा मरेको बालकको जीवाश्म हो ।”
हाल लुसीका जीवाश्म अवशेषमा दन्त टुक्रा, खोपडीका भाग, नितम्बको भाग र तिघ्राको हाडका अंश समावेश छन् । एक दशमलव एक मिटर अग्लो (३ फिट ७ इन्च) र २९ किलोग्राम (६४ पाउन्ड) तौलकी लुसीको कङ्काल अन्तिमपटक इथियोपियाबाहिर सन् २००७ देखि २०१३ सम्म अमेरिकी सङ्ग्रहालयहरूको भ्रमणमा देखाइएको थियो । उनी पत्ता लाग्दा टोलीले द बिटल्सको ‘लुसी इन द स्काई विथ डायमन्ड्स’ गीत सुनेका कारण उनको नाम लुसी राखिएको हो ।
लुसी दुई खुट्टामा हिँड्थिन् र ११ देखि १३ वर्षको उमेरमा मृत्यु भएको अनुमान गरिन्छ । यो उमेरमा यो प्रजातिका लागि वयस्क मानिन्थ्यो ।
पहिले लामो समयसम्म सबैभन्दा पुरानो मानव पुर्खा मानिएकी लुसीलाई सन् १९९४ मा फेला परेको अर्को जीवाश्मले त्यस स्थानबाट हटायो । त्यो थियो अर्डी–अर्डिपिथेकस रामिडस प्रजातिकी महिला । यिनले करिब ४५ लाख वर्षअघि इथियोपियामा जीवन बिताएकी थिइन् ।
सन् २००१ मा चाडमा ‘तौमाई’ नाम दिइएको ६/७ लाख वर्ष पुरानो खोपडी फेला पर्‍यो, जसले मानव परिवार अझ पुरानो हुनसक्ने सङ्केत दियो ।
सन् २०१६ को एक अध्ययनले लुसीको माथिल्लो हात असामान्य रूपमा बलियो भएको देखायो । अध्ययनले उनी नियमित रूपमा रूख चढ्ने र रातमा हाँगामा गुँड बनाएर बस्ने गर्थिन् भन्ने सुझाव दियो ।
तर उनको खुट्टा भने कमजोर थिए, जसले उक्लनमा खासै भूमिका खेल्दैन र हिँड्नमा पनि प्रभावकारी थिएन भन्ने नतिजा आयो ।
त्यसैगरी, उनको एउटा हड्डीमा भेटिएको फ्र्याक्चरको अध्ययनले लुसी सम्भवतः अग्लो रूखबाट खस्दा मृत्यु भएको थियो भन्ने सङ्केत दिएको छ ।

# मधेशमा तस्करी : एक सयबढी घुमुवा र बदनाम प्रहरी जिम्मेवारीमुक्त

***जनकपुर, ०८ भाद्र***
मधेश प्रदेशमा प्रहरी प्रशासनकै मिलेमतोमा तस्करी धन्दा चल्दै आएको विषय सार्वजनिक हुन थालेपछि एक सयबढी प्रहरी कारबाहीमा परेका छन् । मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरले एक सयबढी प्रहरीलाई जिम्मेवारीमुक्त गरेको हो ।
मधेशका प्रहरी प्रमुख डीआईजी उमाप्रसाद चतुर्वेदीका अनुसार, जिम्मेवारी खोसिनेमा प्रदेशका आठै जिल्लामा कार्यरत १ सय १३ जनाबढी प्रहरी छन् । जसमा सादा पोसाकमा काम गर्ने घुमुवा तथा गैरव्यावसायिक गतिविधिमा संलग्न विभिन्न दर्जाका प्रहरी कर्मचारी छन् ।



उनीहरूलाई कार्यरत रहेको ठाउँबाट अन्यत्र सरूवा गरी पठाइएको डीआईजी चतुर्वेदीले जानकारी दिनुभयो । गैरव्यावसायिक गतिविधिमा संलग्न प्रहरीको पहिचान गर्ने र त्यहाँबाट अन्यत्र पठाउने काम अझै जारी रहेको उहाँले बताउनुभयो ।
सीमानाकामा तस्करी नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, भन्सार कार्यालयलगायतका कर्मचारी खटिएका हुन्छन् । यसका अलावा सुरक्षा निकायले सीमामा 'घुमुवा' पनि परिचालन गरेको हुन्छ ।
तर, घुमुवाहरूको तस्करी गर्नेहरूसँगै हिमचिम हुने र उनीहरूको काम तस्करी नियन्त्रण नभई लाइन मिलाउने तथा असुली गर्ने रहेको आरोप सुरक्षा निकायमाथि लाग्दै आएको छ । सँम्भार: ईकान्तिपुर

## नेपाल सरकार
## भुमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## भुमिव्यवस्थापन तथा अभिलेख विभाग
## मालपोत कार्यालय मौलापुर, रौतहट

### विषय:-छुट जग्गा दर्ता सम्बन्धी हकदावीको. ३५. दिने सार्वजनिक सुचना ।

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गा.वि.स.मर्यादपुर वार्ड नं.१ हाल मौलापुर न.पा.१ मा बस्ने शिवजी महतो कोईरीले आफनो काका पटिको बाजे नाता पर्ने नेवालाल महतो कोईरीको नाममा नामना सर्वेनापनक्सा भएको जि.रौ. गा.वि.स. कर्कच वडा नं.५६' कि नं.१६ को ०-४-३ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा एकलौटी दा.खा. नामसारी गरी पाउँ भनि द.नं.१०८४ मिति २०८१/०६/४ गतेको माग निवेदन ।
माग जग्गाको मोठ भिडान् हुँदा गा.वि.स. कर्कच वडा नं.५ रक कि.नं.१६ को ०-४-३ को जग्गाको मोठ श्रेस्तामा जग्गाधनीको नाम नेवालाल महतो कोईरी, वतन मर्याद, वार्ड नं. उल्लेख नरहेको मोठ कायम नेवालाल महतो कोईरीको नाममा रोक्का नदेखिएको लेखि आएको देखिन्छ ।
मौलापुर न.पा.१ को च.नं.१०१८ मिति २०८२/२/१५ गतेको पत्रबाट जिल्ला रौतहट साविका गा.वि.स मर्यादपुर वार्ड नं.१ मा बस्ने नेवालाल महतो कोईरीको नाममा सर्वे नापी भई जि.रौ. गा.वि.स. कर्कच वडा नं.५क कि.नं.१६ को ०-४-३ जग्गा निज सर्ववाला ज.ध. ले जोतभोग गर्दै आईरहेकोमा जग्गाधनी नेवालाल महतो कोईरी अविवाहित अवस्थाममा २०३२ सालमा परलोक भई निजको शेषपछिको हकखाने सबभन्दा नजिकको हकदार निजको बुबा मेघु महतो कोईरी.र आमा झलरी देवी को पनि आ-आफनो कालगतिले कमश: २०१५, २०२१ सालमा मृत्यु भएकोमा बाबु आमाको मृत्युपछि हक खाने सबभन्दा नजिकको हकदार निजको सहोदर भाई बुधन महतो कोइरी रहेकोमा निज पनि आफनों कालगतिले २०२१ सालमा परलोक भई निज मरुवा बुधन महतो कोईरीको शेषपछि हक खाने नजिकको हकदार एकमात्र पत्नी जोतिया कोईरीनी को पनि २०२३. सालमा मृत्यु भई निज बुबा आमाको मृत्यु पछि हक खाने एकमात्र छोरा खेदु महतो कोईरी रहकोमा निज आफनो कालगतिले मिति २०६९/६/२२ गते परलोक भई निजको शेषपछि हक खाने निजको एकमात्र श्रीमति विपती देवीको पनि आफनो कालगतिले २०४०/१०/०२ गतेका दिन मृत्यु भई यी मरुवाहरुको शेषपछिको हक खाने सबभन्दा नजिकको हकदार दूई जना छोरा जेठा रामएकवाल महतो कोईरी र कान्छा शिवजी महतो कोईरी रहेकोमा जेठा छोरा रामएकवाल महतो कोईरीको पनि मिति २०६८/१२/२१ गते अविवाहित अवस्थामै मृत्यु भएकोमा नेवालाल महतो कोईरीको नाममा सर्वे नाप नक्सा भएको माथि उल्लेखित जग्गाको हकदार शिवजी महतो कोईरी बाहेक अरु कोही हकदार नभएकोले नेवालाल महत कोईरीको नाममा सर्वे नाप नक्सा भएको जि.रौ. गा.वि.स. कर्कच वडा नं.५क कि.नं.१६ को य-४-३ को अप्रमाणित जग्गा प्रमाणित गरी जग्गाधनीको भाई पटीको नाती नाता पर्ने शिवजी महतो कोईरीको नाममा नामसारी गर्न सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन निर्देशिका २०८१ को परिच्छेद ३ को दफा ५० बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाषित भएको मितिले बाटोको म्यादबाहेक ३५.दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम जि. रौ. गा.वि.स. कर्कच वडा नं.५क कि.नं.१६ को ०-४-३ को अप्रमाणित जग्गा प्रमाणित गरी निवेदकको नाममा नामसारी. भै जाने व्यहोरा यसै सुचना द्वरा जानकारी गराईन्छ ।

# सुशासनमा.....

आएको छ । विशेषगरी वृद्ध, अपांगता भएका तथा आर्थिक रूपमा कमजोर वर्गमा असन्तोष र निराशा बढेको छ, जसले सेवामा समान पहुँच र मानव अधिकारसम्बन्धी प्रश्न उठाएको छ । नीतिगत र दीर्घकालीन रूपमा हेर्दा, यी समस्याले ई-गभर्नेन्स र डिजिटल सरकारप्रतिको विश्वसनीयतामा प्रश्न उठाइदिएको छ, विकास कार्यक्रमहरू ढिलाइमा पारेका छन् । अन्तर्राष्ट्रिय निकायमा नेपालको डिजिटल क्षमता कमजोर देखिने जोखिम बढाएको छ ।
समाधानका लागि सुझाव
– सर्भर क्षमता वृद्धि / क्लाउड होस्टिङ
– केन्द्रीय सर्भरको क्षमता बढाउने र आवश्यक भएमा क्लाउड सर्भरमा स्थानान्तरण गर्ने ।
– अफलाइन/हाइब्रिड मोड विकास
– प्रणाली नचल्दा पनि डेटा स्थानीय तहमा अस्थायी रूपमा भण्डारण गरी इन्टरनेट बहाल भएपछि स्वचालित रूपमा अपलोड गर्ने सुविधा विकास गर्ने ।
– विशेष दरबन्दी सिर्जना/विज्ञ जनशक्ति नियुक्ति
नेपाल सरकारले सूचना प्रविधि (आईटी) विज्ञहरूको लागि उचित पारिश्रमिक र सेवा सुविधासहितको सिस्टम विकास, सर्भर व्यवस्थापन, नेटवर्क व्यवस्थापन/सुरक्षासम्बन्धी कार्यको लागि विशेष दरबन्दी सिर्जना गरी सो दरबन्दीअनुसार दक्षविज्ञ जनशक्ति नियुक्ति गरी सबै प्रणालीहरूलाई चौबिसै घण्टा सुचारु अवस्थामा राख्ने र राज्यको आवश्यकताअनुसार सिस्टम विकास/परिमार्जन गर्ने कार्य गर्दै जानु पर्दछ । सोही जनशक्तिबाट स्थानीय तह तथा प्रदेशस्तरमा तत्काल समस्या समाधान गर्ने आईटी हेल्प डेस्क स्थापना गर्ने ।
– प्रशिक्षण/क्षमता विकास
– सम्बन्धित कर्मचारीलाई प्रणाली सञ्चालन र समस्या समाधानका लागि तालिम दिने ।
– वैकल्पिक सेवा पहुँच
– प्रणाली पूर्ण रूपमा विफल हुँदा सेवाग्राहीलाई तत्काल सेवा दिन म्यानुअल/अस्थायी उपाय प्रयोग गर्ने ।
महत, सन्धिखर्क नगरपालिकाको सूचना प्रविधि अधिकृत हुन् ।

# कटहरिया......

जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् ।आज महिलाहरु समाजका हरेक क्षेत्रमा नेतृत्वदायी भूमिकामा देखिनु हुनु हाम्रो लागि गौरवको कुरा हो ।” साथै उहाँले आउँदो वर्षदेखि करिब एक हजार महिला सहभागी हुने गरी ठूलो स्तरमा दर खाने कार्यक्रम आयोजना गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । जैसवालले महिलाको सशक्तीकरणबिना समाज र राष्ट्रको समृद्धि असम्भव हुने भन्दै महिला शिक्षादेखि उद्यमशीलता, स्वास्थ्य र आत्मनिर्भरतालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । उहाँले नगरपालिकाले महिला उद्यमशीलता प्रवर्द्धन, स्वास्थ्य सेवामा पहुँच र शिक्षा क्षेत्रमा ठोस काम गरिरहेको जानकारी समेत दिनुभयो ।त्यसैगरी पत्रकार प्रकाश श्रेष्ठले पनि महिलाहरुको अधिकार र सहभागितालाई प्राथमिकतामा राख्दै पालिका स्तरमा आवश्यक काम गर्ने अठोट व्यक्त गर्नुभयो ।

# सरकारले....

ऋणभारमा हेर्दा ९२ हजार १५ रुपैयाँ पुग्ने देखिएको छ । कुल सार्वजनिक ऋणलाई २०७८ सालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ ले भाग लगाउँदा उक्त ऋणभार पुग्ने देखिएको हो । असार मसान्तसम्म प्रतिव्यक्ति ऋणभार ९१ हजार ५ सय ३४ रुपैयाँ थियो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार नेपालमा आव २०७३/७४ देखि २०८०/८१ बीचमा सार्वजनिक ऋण वृद्धिदर औसत १९ प्रतिशत रहेको देखिन्छ । यस अवधिमा आन्तरिक ऋण वृद्धिदर २२.९ प्रतिशत छ । वाह्य ऋण वृद्धिदर भने औसत १६.२ प्रतिशत छ । २०७६/७७ को एक वर्षमा मात्र ऋण ३६.७ प्रतिशतले बढेको थियो । आव २०७३/७४ मा सार्वजनिक ऋण जीडीपीको २२.७ प्रतिशत रहेकोमा २०८१/८२ सम्म ४३.७१ प्रतिशत पुगेको छ । २०७२/७३ मा ६ खर्ब २३ अर्बमात्र रहेको सार्वजनिक ऋण पछिल्लो एक दशकमा चार गुणाले वृद्धि भएको देखिएको छ । अर्थ मन्त्रालयका अनुसार २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण, संघीयता कार्यान्वयन र कोभिड-१९ का बेला बढेको स्वास्थ्य खर्चका कारण सार्वजनिक ऋण ह्वात्तै बढेको देखिन्छ । अनलाईन खबर

विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रुपमा आउने हुँदा :
- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्दार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

छिपहरमाई गाउँपालिका
भिस्वा, पर्सा

विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रुपमा आउने हुँदा :
- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्दार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

गुजरा नगरपालिका
सिमराभवानीपुर, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# दुर्घटना पछि मोटरसाइकल चालकको मृत्यु, स्थानीयद्धारा टायर बालेर प्रदर्शन सहित आन्दोलन

*शु.आ. सम्बाददाता*
*कलैया , ०८ भाद्र*



कलैया बिरगंज सडकखण्ड अन्तर्गत सिसहनिया चौकमा टाटा सुमो र मोटरसाइकल ठोक्किँदा दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । मृत्युपछि सोमबार बिहान स्थानीयद्वारा टायर बालेर प्रदर्शन सहित आन्दोलन गरेका थिए ।

स्थानीयहरुले दोषीलाई कडा कार्वाही सहित मृतकका परिवारलाई क्षतिपूर्ति र बैराठपुर देखि सिसहनियासम्मको सडक सुधारको माग राखेका थिए ।

उक्त दुर्घटना आईतबार राति करीब १० बजे भएको छ । कलैयाबाट वीरगंज तर्फ जाँदै गरेको मोटरसाइकल र बिपरित दिशाबाट आउँदै गरेको टाटा सुमो एकआपसमा ठोकिँदा मोटरसाइकल चालक गम्भीर घाईते भएका थिए ।

घाईते हुनेमा कलैया उपमहानगरपालिका वडा नं २३ निवासी उपेन्द्र राउत कुर्मी रहेका थिए । घाईते कुर्मिलाई तत्कालै उपचारका लागि वीरगंज स्थित न्यूरो अस्पताल लगिए पछि डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनाबाट मृत्यु भएपछि स्थानीयहरुले आक्रोशमा आन्दोलन गरेको तर प्रहरीले दुर्घटनामा सँगल्न सुमो चालकको खोजि सहित थप अनुसन्धान गरीरहेको प्रहरी प्रबक्ता एबम् प्रहरी नायव उपरीक्षक विजयराज पण्डितले जानकारी दिएका छन् ।

# रूबीको हत्या गरेर पुर्व प्रेमी लक्ष्मण पासवान फरार, प्रहरीले खोजी गर्दै

*रौतहट, ०८ भाद्र*



रौतहटको माधवनारायण नगरपालिका-२ की २६ वर्षीया रुबीकुमारी साहको हत्या गौर नगरपालिका-५ स्थित एक घरमा भएको प्रहरीले पुष्टि गरेको छ ।

प्रारम्भिक अनुसन्धानका अनुसार, सो घरमा डेरागरी बसेका माधवपुरका लक्ष्मण पासवानले हत्यापछि मृत शरीरको व्यवस्थापन गरेका थिए । विवाह पूर्वका रुबीका प्रेमीका रुपमा चिनिएका लक्ष्मण घट्नापछि फरार छन् । प्रहरी स्रोतका अनुसार, पासवानले शव ठेगान लगाउन गौरको कबिर चोकबाट ई-रिक्सा बुक गरेका थिए। शवसहितको सुटकेस ई-रिक्सामा बोकेर पासवान बरहवा पुल पार गर्ने क्रममा ई-रिक्साको पाङ्ग्रा बिग्रिएको थियो । त्यसपछि चालकले अर्को ई-रिक्सा बोलाई दिने प्रयास गरे पनि पासवानले अर्को इ-रिक्सा प्रयोग गर्न मानेनन्। त्यसपछि उनी सुटकेस बोकेर पैदल अघि बढेको खुलेको छ ।

ई-रिक्सा चालक राजकुमार महरा अहिले प्रहरीको नियन्त्रणमा रहेका छन् । उनले बताएअनुसार आरोपितले गंगा पिप्रासम्म ५ सय रुपैयाँमा रिक्सा भाडामा लिएका थिए ।

ती व्यक्ति वैदेशिक रोजगारीबाट फर्किएको र उनले विदेशबाट फर्किंदा ल्याएकै सुटकेस रुबीको शव फाल्न प्रयोग गरेको तथ्य प्रहरीले पत्ता लगाएको छ । 'हामी अनुसन्धानको निस्कर्षतिर पुगेका छौँ। अनुसन्धानका सबै पाटो पोजेटिभ छन्।'- अनुसन्धान अधिकारीले भने ।

अनुसन्धानमा खटिएको प्रहरीले गौर-५ को बालमन्दिरको पछाडि रहेको घरमा रुबीकुमारीका चप्पल लगायतका व्यक्तिगत सामान फेला परेको जानकारी दिएको छ। प्रहरीका अनुसार, घटना घटेको दिनदेखि पासवान सम्पर्कविहीन छन् र उनको खोजी कार्य जारी छ ।

२६ वर्षकी रुबीलाई त्यस साँझ बोलाएर हत्या गरेको अनुसन्धान अधिकृतको दाबी छ। शनिबार साँझ केही सामान लिन जान्छु भन्दै गौर गएकी छोरी नफर्किएको उनकी आमा मिथिलादेवीले बताएकी छन् ।

तर त्यसै राति गौर नगरपालिका ९ मुडवलवा गेटनजिक सडकमा बेवारिसे अवस्थामा सुटकेस फेला परेको थियो । राति नै स्थानीयले प्रहरीलाई खबर गरे पनि प्रहरीले आइतबार बिहान सुटकेस खोलेर हेर्दा शव फेला परेको थियो ।

# श्री नेपाल राष्ट्रिय मा.वि. सेढवा बिर्तामा तीज विशेष कार्यक्रम सम्पन्न

*हरिकिशोर शर्मा*
*पर्सा , ८ भाद्र*




श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवा बिर्तामा हरितालिका तीजको अवसरमा एक विशेष सांस्कृतिक कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक खेमराज चौधरी प्रमुख अतिथि रहनु भएको थियो ।

कार्यक्रमको शुभारम्भमा अतिथिहरूलाई स्वागत गरिनुका साथै तीजको महत्वबारे संक्षिप्त मन्तव्य राखिएको थियो । त्यसपछि विद्यार्थीहरूले विभिन्न सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

सांस्कृतिक प्रतियोगितामा विद्यार्थीहरूले तीज गीत, नृत्य, कविता वाचन, र अभिनय प्रस्तुति दिए । प्रतियोगितालाई निर्णायक मण्डलले मूल्यांकन गरी उत्कृष्टलाई पुरस्कृत गरेको थियो ।

विजेताहरूलाई प्रमुख अतिथि चौधरीले प्रमाणपत्र र पुरस्कार प्रदान गर्नुभयो । कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक लगायत स्थानीय समाजसेवीहरूको समेत उपस्थिति थियो। विद्यालय परिवारले सबै शिक्षक , शिक्षिका र कर्मचारीहरुलाई "दर" खुवाएर तीजको उल्लासलाई अझ रमाइलो बनाएको थियो ।

प्रधानाध्यापक चौधरीले यस्तो कार्यक्रमले विद्यार्थीहरूमा संस्कृतिप्रतिको सम्मान र सिर्जनशीलता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । सो कार्यक्रम सेढ्वा मा बि का शिक्षक बिन्दु भुषण साह उदघोषणा तथा स्वागत गरेका थिए ।

# अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण खुला गर्न माग गर्दै पत्रकार महासंघ आन्दोलित

*काठमाडौं, ०८ भाद्र*




नेपाल पत्रकार महासंघले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण तत्काल खुला गर्न माग गर्दै आन्दोलनको घोषणा गरेको छ ।

सोमबार बसेको महासंघको डिजिटल मिडिया विभागको बैठकले सरकारले करिब एक महिनादेखि अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम ठप्प पारेको भन्दै तत्काल सुचारु गर्न माग गरेको हो ।

महासंघका सचिव एवम विभागका संयोजक प्रकाश धौलाकोटीका अनुसार बैठकले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम तत्काल सुचारु गर्न माग गर्दै यही भदौ ११ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई ज्ञापनपत्र बुझाउने निर्णय गरेको छ । भदौ १३ गतेदेखि भने कालो व्यानर राखेर सूचना तथा प्रशारण विभागमा धर्ना दिने निर्णय गरेको छ। सरकारले छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनमा संशोधनपछि गएको साउन २० गतेदेखि अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरणको काम रोकिएको छ। सरकारले सञ्चार माध्यम दर्ता ठप्प पारेर नागरिकको संवैधानिक हक हनन् गरेको महासंघको भनाइ छ। अनलाइन सञ्चारमाध्यम नवीकरण नहुँदा पत्रकारले प्रेस प्रतिनिधि प्रमाणपत्र समेत नवीकरण गर्न पाएका छैनन् । नवीकरण नभएकै कारण चाडपर्वको मुखमा विज्ञापनसम्बन्धी कारोबारमा समेत असहजता सिर्जना भएको छ । बैठकमा महासंघका अध्यक्ष निर्मला शर्माले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण तत्काल सुचारू हुनुपर्ने माग गरिन् । उपाध्यक्ष उमिद बागचन्दले सरकारले एकपछि अर्को कानुन बनाएर नागरिकको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा नियन्त्रण गर्ने प्रयास गरिरहेको बताए । महासचिव रामप्रसाद दाहालले अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण रोकेर सरकारले असंवैधानिक कार्य गरेको बताए । सरकारको यस्तो हर्कतले नागरिकको संवैधानिक हक अवरुद्ध भएको उनको भनाइ छ । सरकारले तत्काल दर्ता र नवीकरणको काम सुचारु नगरे महासंघले आन्दोलन चर्काउने महासचिव दाहालले बताए । केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमार्फत छापाखाना सम्बन्धी ऐन संशोधन गरेर अनलाइन सञ्चार माध्यमम जिल्ला प्रशासन कार्यालयमा दर्ता हुने व्यवस्था गरेपछि सूचना तथा प्रसारण विभागले अनलाइन सञ्चारमाध्यमम दर्ता तथा नवीकरणको कार्य रोकिसकेको छ ।

जिल्ला प्रशासन कार्यालयले पनि अनलाइन दर्ता सुरु गरिनसकेको र विभागले रोकेका कारण अनलाइन सञ्चारमाध्यमम दर्ता तथा नविकरणको कार्य रोकिएको छ। नेपाल प्रेस

# सरकारले पहिलो महिनामै लियो साढे ४४ अर्ब बढी सार्वजनिक ऋण

*काठमाडौं, ०८ भाद्र*




सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिना (साउन) मै ४४ अर्ब ५७ करोड रुपैयाँ बराबर सार्वजनिक ऋण लिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार साउनमा सरकारले ४० अर्ब आन्तरिक ऋण र ४ अर्ब ५७ करोड वाह्य ऋण लिएको हो। यस अवधिमा ३० अर्ब ५५ करोड रुपैयाँ सार्वजनिक ऋण भुक्तानी दिएको छ । यस अनुसार खुद सार्वजनिक ऋण १४ अर्ब २ करोडले थप भएको छ ।

कार्यालयका अनुसार चालु आव पहिलो महिनासम्म जम्मा सार्वजनिक ऋण दायित्व २६ खर्ब ८३ अर्ब ६० करोड पुगेको छ। यो कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा ४३.९४ प्रतिशत हाराहारी हो। आन्तरिक ऋण १२ खर्ब ८१ अर्ब पुगेको छ । बाह्य ऋण १४ खर्ब २ अर्बमा उक्लिएको छ ।

जीडीपीको तुलनामा आन्तरिक र वाह्य ऋण क्रमश: २२.४६ प्रतिशत र २४.५८ प्रतिशत रहेको तथ्यांक छ । असार मसान्तसम्म सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड थियो । विनिमय दरका कारण पहिलो महिना कुनै प्रभाव परेको देखिँदैन ।

**झन्डै ६ खर्ब ऋण लिने लक्ष्य**

सरकारले चालु आव ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ ऋण लिने लक्ष्य राखेको छ। यसमध्ये आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब र वाह्य ऋण २ खर्ब ३३ अर्ब उठाउने लक्ष्य छ।

साउनसम्म उठाइएको ४४ अर्ब ५७ करोड रकम कुल लक्ष्यको ७.४८ प्रतिशत हो। यसमध्ये पहिलो महिना आन्तरिक ऋण लक्ष्यको ११.०५ प्रतिशत र वाह्य ऋण लक्ष्यको १.९६ प्रतिशत प्राप्ति भइसकेको छ।

**ऋणको साँवा-ब्याज भुक्तानीमा ४ खर्ब ११ अर्ब खर्च हुने**

सरकारले चालु आवमा ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ सार्वजनिक ऋण सेवा खर्चमा विनियोजन गरेको छ। साउन मसान्तसम्म ३६ अर्ब ६८ करोड भुक्तानी गरिएको छ । जुन कुल लक्ष्यको ८.९३ प्रतिशत हो ।

जीडीपीका आधारमा साउनसम्म कुल ऋण सेवा खर्च ०.६ प्रतिशत भएको छ। साउनमा आन्तरिक ऋणको साँवा भुक्तानीमा २७ अर्ब १० करोड र ब्याज भुक्तानीमा ५ अर्ब १३ करोड खर्च भएको छ।

वाह्य ऋणको साँवा भुक्तानी ३ अर्ब ३४ करोड र ब्याज भुक्तानी ९९ करोड रुपैयाँ भएको छ। यसरी साउनसम्म कुल साँवा खर्च ३० अर्ब ५५ करोड र ब्याज खर्च ६ अर्ब १३ करोड भएको हो ।

**प्रतिव्यक्ति ऋणभार ९२ हजार १५ रुपैयाँ**

सार्वजनिक ऋणलाई प्रतिव्यक्ति

*बाँकी तेश्रो पृष्ठमा*

# लोसपा नेपाल बाराको चौथो वार्षिकोत्सव कलैयामा सम्पन्न

*बारा , ०८ भाद्र*

लोकन्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल जिल्ला कार्यसमिति बाराले आफ्नो चौथो वार्षिकोत्सव कार्यक्रम कलैयामा सम्पन्न गरेको छ ।

कार्यक्रम लोसपा नेपाल बाराका सचिव रामबाबु सरार्फको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा कलैया नगर समिति अध्यक्ष जयप्रकाश साह, लोसपा केन्द्रीय सदस्य फिरोज, डा. करमुल्लाह अन्सारी, सन्त यादव, सबिर आलमलगायतका नेतागणले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नेताहरुले पार्टीलाई संगठनात्मक रूपमा अझ मजबुत बनाउन वार्षिकोत्सवले प्रेरणा दिने बताएका छन् ।

# यमुनामाई गाउँपालिकामा अनशनको समर्थनमा गौर-चपुर सडक अबरूद्ध

शु. आ. सम्बाददाता
रौतहट , ०९ भाद्र

जिल्लाको यमुनामाई गाउँपालिका कार्यालय अगाडि ४ गतेदेखि आमरण अनशन सुरु भएपनि हालसम्म कुनै पनि संबंधित निकायले चासो नदेखाएको आरोप लगाउँदै स्थानीयवासी आन्दोलित भएका छन्। अनशनप्रति ऐक्यबद्धता जनाउँदै सोमवार स्थानीयहरूले गौर-चपुर सडक खण्ड अबरुद्ध गरेका छन् । सडक बन्द भएपछि यातायात सेवा अवरुद्ध भएको छ भने सर्वसाधारणलाई आवतजावतमा कठिनाई भएको थियो । अनशनकारीले पटक-पटक आफ्नो माग सम्बोधन गर्न आग्रह गर्दा पनि बेवास्ता गरिएको भन्दै स्थानीयले आन्दोलनलाई थप कडा बनाउन सडकमा उत्रिन बाध्य भएको बताएका छन् ।

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा